# बाल अधिकार संरक्षण, समवर्द्धन तथा प्रवर्द्धन सम्बन्धी एकिकृत कार्यविधी २०८०

तापि्ल गाउँपालिका

तापि्ल गाउँ कार्यपालिकाको कार्यालय

उदयपुर

कोशी प्रदेश, नेपाल

## प्रस्तावना :

स्थानीय तहमा बालबालिकाको हक, हित र अधिकारको संरक्षण, सम्मान,सम्वर्द्धन, प्रवर्द्धन, प्रचलन तथा परिपूर्तिका लागि नेपालको संविधान तथा बालबालिका सम्बन्धी कानुनमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्न, गराउन बाल बचाउ, बालविकास, बालसंरक्षण र बालसहभागीताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितता गरी बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्न एकिकृत कार्यविधी निर्माण गर्न बाञ्छनिय भएको छ ।

नेपालको संविधानको धारा २२६ को उपधारा (१), बालबालिका सम्बन्धी ऐन २०७५को दफा ६० को उपदफा ३ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी ताप्ली गाउँपालिकाको गाउँ सभाले यो कार्य विधी बनाई लागु गरेको छ ।

## परिच्छेद – १

### प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "बालअधिकार संरक्षण,सम्वर्द्धन तथा प्रवर्द्धन सम्बन्धी एकिकृत कार्य विधी, २०८० रहेको छ ।

(ख) यो कार्यविधि तुरून्त लागू हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधीमा ,

(क) "प्रमुख" वा "अध्यक्ष" भन्नाले नगरपालिकाको प्रमुख वा गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ ।

(ख) "उपप्रमुख" वा "उपाअध्यक्ष" भन्नाले नगरपालिकाको उपप्रमुख वा गाउँपालिका उपाअध्यक्षलाई सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ लाई सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ लाई सम्झनु पर्छ ।

(ङ) "परिषद" भन्नाले ऐनको दफा ५९ बमोजिम राष्ट्रिय बालअधिकार परिषद् सम्झनु पर्छ ।

(च) "बालगृह" भन्नाले ऐनको दफा ५२ र नियमावलीको नियम ६२ बमोजिम स्थापना भएको वा सञ्चालनमा रहेको र प्रचलित कनून बमोजिम दर्ता भई परिषदबाट अनुमति लिएर विशेष संरक्षणको आवश्यकता भएका बालबालिकामध्ये ऐनको दफा ४९ बमोजिमको प्राथमिकताका आधारमा बालकल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्थाका लागि अन्मित विकल्पको रुपमा पठाइएका बालबालिकाको आवासिय संरक्षण प्रदान गर्ने र ऐनकै दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवा प्रदान गर्ने संस्था सम्झनु पर्छ ।

(छ) "बाल क्लव" वा "बालसंस्था" भन्नाले बाल अधिकारको संरक्षण र प्रवर्द्धनका लागि अठार बर्षपूरा नगरेका बालबालिकाले ऐनको दफा १० तथा नियमावलीको नियम ३ मा व्यवस्था भए अनुसार सम्बन्धीत स्थानीय तहमा दर्ता भएको बालबालिकाको संस्था सम्भन्नु पर्छ ।

(ज) "बाल कोष" भन्नाले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको तत्काल उद्धार,राहत, पुनस्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि यस कार्यविधीको दफा २०बमोजिम स्थानीय तहमा स्थापना गरिएको बाल कोष सम्भन्नु पर्छ ।

(झ) "बाल बालिका" भन्नाले अठार बर्ष उमेर पुरा नगरेको व्यक्ति सम्भन्नु पर्छ ।

(ञ) "बाल सञ्जाल" भन्नाले बालक्लव वा बालसंस्थाहरुको सञ्जालको रुपमा स्थानीय तहमा दर्ता भएको सञ्जाल सम्भन्नु पर्छ ।

(ट) "बाल अधिकार समिति" भन्नाले बालबालिका सम्वन्धी ऐन २०७५ को दफा ६० (२), (३) बमोजिम बालबालिकाको अधिकारहरूको संरक्षण, सम्मान र परिपूर्ति गर्न नगरपालिका/ गाउँपालिका र वडास्तरमा गठन भएका समितिहरूलाई सम्भन्नु पर्दछ ।

(ठ) "शाखा" भन्नाले नगरपालिका/ गाउँपालिकामा रहेको महिला , बालबालिका तथा जेष्ठ नागरिक शाखालाई सम्भन्नु पर्छ ।

(ड) "बालकल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ ब्मोजिम प्रत्येक स्थानीय तहमा बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि नियुक्त भएको वा तोकियको अधिकारी सम्भन्नु पर्छ ।

(ढ) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका सम्भन्नु पर्छ ।

(ण) "समाजसेवी तथा बालमनोविज्ञ" भन्नाले ऐनको दफा ६२ बमोजिम स्थानीय तहमा सूचीकृत भएका वा सूचीकृत भई नियुक्ति भएका व्यक्ति सम्भन्नु पर्दछ ।

(त) "संस्था" भन्नाले बालअधिकार संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि प्रचलित कानून बमोजिम दर्ता भई बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका संघ संस्था, संगठन,सञ्जाल तथा सामुदायिक संस्था सम्भन्नु पर्छ ।

(थ) "सेवा प्रदायक निकाय" भन्नाले स्थानीय तहमा बालबालिका सम्बन्धी सेवा प्रवाह गरिरहेका सरकारी निकाय, गैरसरकारी संघ संस्था,नीजि क्षेत्र,विद्यालय, प्रहरी चौकी, अस्थायी संरक्षण सेवा केन्द्र, पुनः स्थापना केन्द्र, बालगृह,बालसुधार गृह, बालबालिका खोजतलास सेवा, बाल हेल्पलाइन सेवा जस्ता सेवा प्रदान गर्ने निकाय तथा संस्था सम्भन्नु पर्छ ।

(द) "अनाथ बालबालिका" भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिका सम्झनु पर्छ ।

## परिच्छेद– २

**३. उद्देश्य** : यस कार्यविधीको उद्देश्य देहाय बमोजिम रहेको छ :

(क) स्थानीय तहमा बालबालिका सम्बन्धी कानून र नीतिमा भएका व्यवस्थाहरु कार्यानवयन गरी बाल अधिकारको संरक्षण, सम्मान, समवर्द्धन, प्रवर्द्धन र परिपूर्ति गर्नु ।

(ख) बालबालिकासँग सम्बन्धीत योजना र कार्यक्रमको कार्य सम्पादनमा सहजता ल्याउनु ।

(ग) स्थानीय तहलाई बालमैत्री स्थानीय तह बनाउनका लागि आधार तयार गर्नु ।

## परिचछेद ३

**बाल अधिकारको संरक्षण, सम्मान,सम्वद्धन, प्रवर्द्धन परिपूर्ति गर्ने दायित्व निर्वाहको व्यवस्था :**

**४.बाल अधिकारको संरक्षण** : यस गाउँपालिका भित्रका बालबालिकाको अधिकारको संरक्षण,सम्मान,सम्वर्द्धन,प्रवर्द्धन र परिपूर्ति ऐनको दफा ६४ र ६५, बालबालिका प्रतिको दायित्व निर्वाह दफा १७, १८ र १९ एवम् बालबालिकाको कर्तव्य दफा ७७ बमोजिम पालना तथा कार्यान्वयन गरिनेछ ।

**५. बाल अधिकारको संरक्षण, सम्मान, सम्वर्द्धन,प्रवर्द्धनमा आवश्यक सेवा प्रवाहको व्यवस्था :**

बाल अधिकारको संरक्षण, सम्मान, सम्वर्द्धन,प्रवर्द्धन गर्नका लागि देहाय बमोजिमको सेवा प्रवाहको व्यवस्था गरिनेछ :

(क) यस गाउँपालिका भित्रका बालबालिकाको जन्मदर्ता तथा नागरिकता प्रमाण पत्र पाउने अधिकार सुनिश्चितताका लागि सरल र उपयुक्त उपायहरु अपनाइने छ ।

(ख) नवजात शिशु, शिशु र बालबालिकाका लागि आवश्यक सबै किसिमका खोपहरु, स्वास्थ्य सेवा, पोषणसँग समबन्धीत सेवा सुविधा र आवश्यक बालमैत्री भौतिक पूर्वाधारहरुको व्यवस्था, उपकरण र औषधिहरु उपलब्ध गराउने, सेवा प्रवाह प्रभावकारी र बालमैत्री भए नभएको अनुगमन गर्ने गराउने कार्यहरु गरी बालबालिकाको स्वास्थ्यको अधिकार सुनिश्चित गर्ने व्यवस्था गरिनेछ ।

(ग) प्रत्येक विद्यालयमा बालमैत्री भौतिक संरचनाको व्यवस्था(सुरक्षित पर्खाल वा घेराबार,बेन्च, डेस्क, टेबुल,उज्यालो कोठा र हावा राम्ररी आवात जावत हुने) कुनै पनि किसिमका विभेद, अवहेलना,हेपाइ,हिंसा,दुर्व्यवहार,अस्वस्थ खाना लगायतका कार्यहरु निषेध गर्ने एवंम् लैङ्गिकमैत्री र अपाङ्गतामैत्री शौचालय, पर्याप्त खानेपानी र सरसफाइ, महिनावारी सामग्री तथा प्रारम्भिक उपचार बाकस,नियमित र अपाङ्गता भएका बालबालिकाको पहुँचयोग्य भौतिक संरचना सहित बालमैत्री पठन पाठन, खेलमैदान र सबै अवस्थाका विद्यार्थीमैत्री खेलकूद र सामानको व्यवस्था गरिनेछ ।

(घ) यस गाउँपालिका भित्रका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास केन्द्र र विद्यालयमा भर्ना गर्ने व्यवस्था गरिनेछ ।

(ङ) प्रत्येक विद्यालयमा विद्यार्थीहरुलाई प्रदान गरिने छात्रवृत्तिहरुको अनुगमन तथा मूल्याङ्कन गरी समिक्षा गरिनेछ

(च) कम्तीमा प्रत्येक वडामा बाल पुस्तकालय, बाल सिर्जना केन्द्र र खेलकुदको व्यवस्था गरिनेछ ।

(छ) कुनै पनि विद्यालयको २०० मिटरको दुरीभित्र मदिरा, चुरोट तथा सुर्तिजन्य लगायतका सामग्री बिक्रि वितरण र उपभोग गर्न तथा चलचित्र, मादक पदार्थ,चुरोट, रक्सी,तथा अश्लिल साहित्यसँग सम्बन्धित सामग्री प्रचारप्रसार गर्न लगायत १८ बर्षभन्दा कम उमेरका बालबालिकालाई उक्त सामग्रीको वितरण तथा प्रयोग गर्न निशेध गरीने छ साथै विद्यालय शान्तिक्षेत्रको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

(ज) प्रत्येक विद्यालयमा विद्यार्थी , शिक्षक लगायत अन्य सरोकारवालाका लागि बालसंरक्षण नीति बनाई सबैले देखिने ठाउँमा राख्ने र सो बमोजिम व्यवस्था लागू गरिनेछ ।

(झ) बालबालिका बिरुद्ध हुने कुनै पनि किसिमका शोषण,हिंसा,दुर्व्यवहार,हेपाइ,अपहेलना लगायत बालविवाह,बाल श्रम रोकथाम र अन्त्य गर्न, बाबुआमा विहीन र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारकाहीको लागि संस्थागत तहमा बालसंरक्षण मापदण्ड निर्माण गरी लागु गर्न सहजीकरण गरिनेछ ।

(ञ) बालबालिका विरुद्धको हिंसामा परेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको ततकाल उद्धार, संरक्षण, राहत व्यवस्थापनका लागि बाल हेल्पलाइन सेवा ( निः शुल्क टेलिफोन नं सेवा १०९८) लगायत सम्बन्धीत सरोकारवाला निकाय र संस्था तथा हराएका बालबालिकाको खोजतलास, वेवारीस फेला परेका बालबालिकाको सकुशल उद्धार तथा व्यवस्थापन, जोखिमपुर्ण श्रममा संलग्न,बेचविखन तथा ओसारपोसारमा परेका तथा सडक बालबालिकाको उद्धार तथा संरक्षण गर्न बालबालिका खोजतलास सेवा (निः शुल्क टेलिफोन नं सेवा १०४) सँग समन्वय,सहजीकरण र सहकार्य गरिनेछ ।

(ट) गाउँपालिका भित्रका सबै अवस्थाका बालबालिकाको जनसांख्यिक, जातजाती,लैङ्गिक, अपाङ्गता,शैक्षिक, छात्रवृत्ति, सामाजिक सुरक्षा सहयोग,बाबुआमा विहिन, जोखिममा परेका, स्वास्थ्य र पोषण, एचआइभी प्रभावित लगायतको स्थितिबारे खण्डीकृत सूचनाको व्यवस्था तथ्याङ्क संकलन र अभिलेखिकरण गरी आवधिक रुपमा गाउँपालिकाको वेबसाइटमार्फत समेत सार्वजनिक गरिनेछ ।

(ठ) गाउँपालिका भित्रका जनप्रतिनिधी तथा कर्मचारीहरुलाई बाल अधिकार तथा बालमैत्री व्यवहार, बाल संवेदनसिलता र बालमैत्री शासन अभ्यास समबन्धी प्रशिक्षण प्रदान गरिनेछ ।

(ड) गाउँपालिकाको आवधिक तथा बार्षिक योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण बाल सहभागीतालाई प्रोतसाहन गरी उक्त योजनामा बालबालिकासंग सम्बन्धित कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरिनेछ ।

(ढ) खण्ड (ट) बमोजिमको तथ्याङ्को आधारमा बालबालिकाको अवस्थाको लेखाजोखा गरी गाउँपालिका भित्रै बालबालिकाको संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

(ण) यस गाउंपालिका भित्रका सबै वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्दै गाउंपालिकालाई नै बालमैत्री गाउँपालिकाको रुपमा घोषण गरिनेछ ।

**६. बालबालिकाको सर्वोत्तम हित कायम गर्नुपर्ने :** गाउंपालिकाका प्रत्येक निकाय, बालकल्याण अधिकारी, समाजसेवी तथा बालमनोविज्ञ, सामाजिक संघ संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हित तथा उच्चतम हितलाई प्राथमिकता दिनु पर्नेछ ।

**७. बालमैत्री र अपाङ्गतामैत्री संरचना तथा अभ्यासको सुनिश्चितता :** बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने यस गाउँपालिका भित्रका सबै सार्वजनिक निकाय, सामाजिक संघ संस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री एवम् अपाङ्गतामैत्री हुने गरी निर्माण गरिने व्यवस्था गरिनेछ ।

**८. बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था :** यस गाउंपालिका भित्र फेला परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकामध्ये ऐनको दफा ४८ को उपदफा(१) को खण्ड (क),(ख),(ग),(घ),(ङ),(च) र(छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था गर्दा यस्ता बालबालिकालाई सर्वोत्तम हित हुने गरी संरक्षण गर्ने प्रयोजनका लागि ऐनको दफा ४९ उपदफा (२) को खण्ड (क),(ख),(ग) र(घ) बमोजिमको प्राथमिकताको आधार एवम् नियमावलीको नियम ५३ देखि ६७ सम्मको व्यवस्था बमोजिम गरिनेछ ।

## परिच्छेद – ४

## गाउँ बालअधिकार समिति सम्बन्धी व्यवस्था

**९. गाउँ बालअधिकार समितिको गठन :** ऐनको दफा ६० को उपदफा (२) बमोजिम बालअधिकारको संरक्षण र प्रवर्द्धन गर्नका लागि देहाय बमोजिमको १५ सदस्यीय गाउं बालअधिकार समिति रहनेछ । उक्त समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधी देहाय बमोजिम निर्धारण गरिएको छ :

**<u>गाउँ बाल अधिकार समिति :</u>**

क) गाउंपालिकाको उपाध्यक्ष वा उपाध्यक्षले तोकेको कार्यपालिका सदस्य – अध्यक्ष

ख) गाउँ कार्यपालिकाले तोकेको महिला वडा सदस्य सहित २ जना वडा सदस्य – सदस्य

ग) गाउँ कार्यपालिकाले तोकेको माध्यामिक विद्यालयका प्रधानाध्यापकमध्ये १ जना– सदस्य

घ) गाउँ कार्यपालिकाले तोकेको बालअधिकार सम्पर्क शिक्षकमध्ये १ जना – सदस्य

ङ) गाउँ कार्यपालिकाले तोकेको सूचीकृत समाजसेवी वा सामाजिक कार्यकर्ता वा बालमनोविज्ञ वा बाल विशेषज्ञमध्ये १ जना – सदस्य

च) गाउँपालिकाको बालबालिका शाखा प्रमुख, शिक्षा शाखा प्रमुख र जनस्वास्थ्य शाखा प्रमुख गरी ३ जना – सदस्य

छ) गाउँपालिका स्तरीय बाल संजालले तोकेको १ जना बालिका सहित २ जना –सदस्य

ज) बाल अधिकार, बाल संरक्षण,वा बाल न्यायका क्षेत्रमा कायानुभव भएका व्यक्ति वा संस्था मध्यैबाट गाउँ कार्यपालिकाले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना – सदस्य

झ) स्थानीय प्रहरी प्रमुख (नेपाल प्रहरी) १ जना – सदस्य

ञ) गाउँपालिका भित्रका अस्पताल वा स्वस्थ्य संस्थामध्ये गाउँकार्यपालिकाले मनोनयन गरेका एक जना प्रतिनिधी – सदस्य

ट) बालकल्याण अधिकारी – सदस्य सचिव

**१०. गाउँ बालअधिकार समितिको काम, कर्तव्य र अधिकार :** (१) गाउँबाल अधिकार समितिको काम , कर्तव्य र अधिकार ऐन तथा नियमावलीमा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रदेशले तोके बमोजिम हुनेछ । (२) उपदफा (१) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त गाउँबालअधिकार समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) समितिको दिर्घकालिन नीति,योजना र बार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) बाल अधिकार सम्बन्धी आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम, र संस्थागत संयन्त्रको व्यवस्था गर्न स्थानीय तहलाई सुझाव दिने,

(ग) गाउँपालिका भित्र सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समिक्षा गरी सुझाव दिने ,

(घ) गाउँपालिका भित्र हुन सक्ने बाल विवाह,बाल श्रम,शारिरीक तथा मानसिक पिडा वा तनाव,बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहारको रोकथाम, निषेध र नियन्त्रण, सडक बालबालिकाको उद्धार,संरक्षण,राहत,पुनः स्थापना र व्यवस्थापन लगायतका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हक,हित र अधिकार, संरक्षण र सम्वर्द्धन तथा वैकल्पिक हेरचाहको व्यवस्थापनमा समन्वय, सहयोग,सहजिकरण र सहकार्य गर्ने,

(ङ) गाउँपालिका भित्रका वडा, विद्यालय,टोल, समुदाय,घर तथा परिवारलाई बालमैत्री बनाउने । नेपाल सरकारले तोकेको बालमैत्री स्थानीय शासनका सूचकहरु लागु गरी बालमैत्री विद्यालय, बालमैत्री वडा,बालमैत्री गाउँपालिका अवलम्बन गरी घोषणा गर्ने,

(च) गाउँपालिका भित्रका भौतिक संरचनाहरुलाई बालमैत्री र अपाङ्गतामैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गरी लागु गर्ने,

(छ) बाल अधिकार संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) जोखिममा परेका बालबालिकाको उद्धार, राहत,संरक्षण तथा व्यवस्थापन गर्ने,

(झ) बालबालिका सम्बन्धी भए गरेका कार्यहरु र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी गाउँपालिकाको स्वीकृतिमा बालबालिका सम्बन्धी बार्षिक स्थानीय प्रतिवेदन प्रत्येक आर्थिक बर्ष समाप्त भएको एक महिनाभित्र सार्वजनिक गर्ने, बेवसाइटमा राख्ने, र सो को एक एक प्रति प्रदेश बालअधिकार समिति, बालबालिकाको बिषय हेर्ने प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(ञ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क विवरण संकलन, अभिलेखिकरण,अद्यावदी गरी सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा स्थानीय तहलाई सहयोग गर्ने,

(ट) विशेष संरषणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री,लिन दिन, संरक्षक र माधवबर नियुक्त गर्न स्थानीय तह र जिल्ला अदालतलाई सहयोग गर्ने ।

ठ) बाल अधिकार हनन्का घटनाहरूलाई छलफल गरी आवश्यकता अनुसार सम्बन्धित संघसंस्थामा सिफारिस गर्ने ।

ड) बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था र संघसंस्थाहरूको नक्सांकन, सेवा मापन र आवश्यक समन्वय र सहकार्य गरी बाल अधिकारको सम्वर्द्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने गराउने ।

ढ) बालबालिका सम्वन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष अभियान घोषणा गर्ने र अभियान सञ्चलन गर्ने ।

ण) जोखिममा रहेका बालबालिकाको सहयोगको लागि घटना व्यवस्थापन प्रक्रियालाई अवलम्बन गर्ने ।

त) गाउँपालिकामा रहेका सबै वडा बाल अधिकार समितिहरूको सहभागितामा अर्धवार्षिक कार्य प्रगति समीक्षा गर्ने ।

थ) बालअधिकार समितिले गाउँपालिका स्तरमा गरेका विभिन्न गतिविधिहरूको अर्धवार्षिक प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकामा पेश गर्ने ।

द) विशेष परिस्थितिमा रहेका बालबालिकाहरूको सहयोगका लागि सम्बन्धित सरोकारवाला सेवा प्रदायक संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी सहयोगका लागि सिफारिस गर्ने ।

(३) विशेष संरक्षणको आवश्यकता भउका बालबालिका भन्नाले ऐनको दफा ४८ बमोजिम यस कार्यविधिको अनुसूची – ७ मा रहेका बालबालिकालाई मानिनेछन् ।

**११. गाउँ बालअधिकार समितिको बैठक सम्बन्धी व्यवस्था**

क) स्थानीय बाल अधिकार समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्नेछ ।

ख) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

ग) गाउँ बाल अधिकार समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ र बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

घ) स्थानीय बाल अधिकार समितिको बैठकको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

ङ) स्थानीय बाल अधिकार समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

**१२. उप समिति वा कार्यटोली गठन गर्न सक्ने :** (१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा बाल मनोबिज्ञ, समाज सेवी, सामाजिक कार्यकर्ता, शिक्षक,चिकित्सक,बाल संजाल वा बाल क्लवका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकता अनुसार समावेशी हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने जुनसुकै उपसमिति वा कार्य टोलीको काम,कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन गरिने उपसमितिलाई बाल बचाउ,बाल संरक्षण, बाल विकास र बाल सहभागिता सम्बन्धी कार्य गर्न गराउन दीर्घकालीन जिम्मेवारी तोक्न सकिनेछ ।

## परिचछेद –५

## वडा बाल अधिकार समिति सम्बन्धी व्यवस्था

**१३. वडा बाल अधिकार समितिको गठन :** (१) बालअधिकारको संरक्षण र प्रर्वद्धन गर्नका लागि गाउँ बालअधिकार समितिको मातहतमा रहने गरी प्रत्येक वडामा भौगोलिक तथा लैङ्गिक समावेशिताको आधारमा देहाय बमोजिमको ९ सदस्यीय वडा बाल अधिकार समिति समेत रहनेछ ।

क) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य - अध्यक्ष

ख) वडाको दलित/महिला सदस्य १ जना - सदस्य

(ग) वडा स्थित स्वास्थ्य चौकी प्रमुख वा प्रतिनिधि - सदस्य

(घ) वडामा रहेका माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट १ जना - सदस्य

(ङ) बाल अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू मध्येबाट १ जना - सदस्य

(च) वडास्तरीय बाल क्लब /सञ्जालबाट १ जना बालिका र १ जना बालक गरी २ जना - सदस्य

(छ) सम्बन्धित वडा वा नजिकको प्रहरी चौकी प्रमुख वा प्रतिनिधि - सदस्य

(ज) वडा सचिव – सदस्य सचिव

(२) दफा (१) बमोजिम गठन गरिएको वडा बालअधिकार समितिको बैठकमा बालबालिकासँग सम्बन्धित विशेष निर्णय गर्नुपर्ने अवस्थामा विद्यालय प्रधानध्यापक, विद्यालय व्यवस्थापन समितिका सदस्य, वडा सदस्य लगायतका अन्य स्थानीय बुद्धिजीवी र समाजसेवीलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(३) दफा (१) बमोजिम गठन गरिएको वडा बाल अधिकार समितिको सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू पुनर्नियुक्ति हुन सक्नेछन् ।

## १४. वडा बाल अधिकार समितिको बैठक

क) वडा बाल अधिकार समितिको नियमित बैठक कम्तीमा मासिक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्नेछ ।

ख) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

ग) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

घ) समितिको बैठकको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

ङ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

## १५. वडा बाल अधिकार समितिको काम कर्तव्य र अधिकार

**क) तथ्यांक संकलन तथा अद्यावधिक गर्ने :** वडा भित्रका विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाहरूको (अपांगता भएका, आमाबुवा गुमाएका, परित्यक्त, हराएका, एच.आई.भी संक्रमित तथा प्रभावित, बालश्रमिक, बेचविखनमा परेका, बालविवाह, बाल दुर्व्यवहार, हिंसामा परेका बालबालिकाहरू) तथ्यांक संकलन गर्ने र बार्षिकरूपमा अद्यावधिक गरी गाउँ बालअधिकार समितिमा सम्प्रेषण गर्ने ।

**ख) वार्षिक योजना तर्जुमा र कार्यान्वयन गर्ने :** वडा भित्रका बालबालिकाको क्षेत्रमा आवश्यकता पहिचान गरी विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको समन्वयमा समुदायमा आधारित बार्षिक योजना निर्माण गरी कार्यान्वयन गराउनका लागि आवश्यक समन्वय र सहकार्य गर्ने । कार्ययोजना तयार गर्दा जोखिममा रहेका बालबालिकालाई लक्षित र लाभान्वित हुने क्रियाकलाप, सचेतनामूलक क्रियाकलाप, क्षमता विकास र आकस्मिक सहयोगका क्रियाकलाप लगायत बालबालिकाको समग्र संरक्षण र सहभागिताको अधिकार सुनिश्चित हुने किसिमका योजनाहरू तयार गर्ने ।

**ग) समन्वय र सहकार्य गर्ने :** वडामा कार्यरत सरकारी, गैरसरकारी संघसंस्था एवं निजी क्षेत्रहरू, संस्थाहरू जस्तैः वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, समूह, सञ्जाल, समिति जस्ता विभिन्न संघसंस्थाहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने जसबाट जोखिममा रहेका बालबालिकालाई आवश्यक सहयोग पुऱ्याउन र उनीहरूको संरक्षणको अधिकार सुनिश्चित गर्न सहयोग पुगोस ।

**घ) सचेतना जगाउने :** बालअधिकारका सवाल र बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हेला र शोषण अन्त्य गर्न तथा उनीहरूका लागि समुदाय, विद्यालय र परिवारमा सुरक्षित र संरक्षित वातावरण सृजना गर्न सहयोग पुग्ने किसिमका सचेनतामूलक कार्यक्रम सञ्चालन गर्ने । जस्तै : बालविवाह, जन्म दर्ता, विद्यालय भर्ना, पूर्ण खोप, दण्डरहित शिक्षण, बालसहभागिता, बालमैत्री व्यवहार, बालश्रम जस्ता विषयमा अन्तर्क्रिया, रेडियो कार्यक्रम, सार्वजनिक सुनुवाई, अन्तसंवाद आदि क्रियाकलापको माध्यमबाट सचेतना जगाउने ।

**ङ) श्रोत नक्शांकन र सिफारिस संयन्त्रको स्थापना गर्ने :** वडामा सरकारी, गैरसरकारी र निजी क्षेत्रबाट बालबालिकाहरू र उनीहरूका परिवार लक्षित सेवाहरूको नक्शांकन गरी आवश्यक रोष्टर तयार गर्ने । उल्लेखित उपलब्ध सेवाहरू जोखिममा रहेका बालबालिकाको समस्या समाधानमा केन्द्रित गर्न वडास्तरीय सिफारिस संयन्त्र स्थापना गरी सक्रिय बनाउने ।

**च) बालबालिकासम्बन्धी नीति तर्जुमा एवं कार्यान्वयनका लागि पैरवी गर्ने :** वडा स्तरमा बालअधिकारको संरक्षण र प्रर्वद्धनका लागि विभिन्नसवालहरूमा आवश्यक नीति निर्माण एवं पैरवी गर्ने । जस्तै बालबालिकासँग के गर्नु हुने, के गराउनु नहुने जस्ता विषयमा स्थानीयस्तरमा नीति तथा आचारसंहिता तयार गरी लागू गर्न सहजीकरण गर्ने ।

**छ) बालकोषको स्थापना गर्ने :** वडास्थित विभिन्न संघसंस्थाहरूसंग समन्वय र सहकार्य गरी आपत विपतमा परेका तथा यौन दुर्व्यहारमा परेका बालबालिकाहरूको तत्काल उद्धार र सहयोग गर्न एक आकस्मिक बालकोषको स्थापना एवं परिचालन गर्ने ।

**ज) अनुगमन र समिक्षा गर्ने :** बालबालिकाहरूका लागि वडास्तरमा सम्पन्न क्रियाकलाप र सहयोगले उनीहरूको अवस्थामा आएको परिवर्तन, परेको प्रभाव आदि अनुगमन र समिक्षा गर्ने । कार्यक्रमको अनुगमन र समिक्षा आवधिकरूपमा, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा गर्नु पर्ने ।

**झ) प्रगति प्रतिवेदन पेश गर्नु पर्ने :** वडामा बालबालिका सम्बन्धी गरेका क्रियाकलापहरूको सम्पन्न प्रतिवेदन तयार गरी वडास्तरका सरोकारवालाहरूसँग अर्धवार्षिक रूपमा सार्वजनिकरण गर्ने र सो प्रतिवेदन नगरपालिकामा पेश गर्ने । साथै नगर बालअधिकार समितिले दिएको निर्देशनको पालना गर्ने ।

## परिच्छेद – ६

## बालकल्याण अधिकारीको नियुक्ति र समाजसेवी तथा बाल मनोविज्ञ सूचीकरण समबन्धी व्यवस्था

**१६. बालकल्याण अधिकारीको नियुक्ति :** (१) ऐनको दफा ६१ र नियमावलीको नियम ८१ बमोजिम हुने गरी एक जना बाल कल्याण अधिकारीको नियुक्ति गरिनेछ ।

२) उपदफा (१) बमोजिम बालकल्याण अधिकारीको नियुक्त नभएसम्म नियमावलीको नियम ८१ को उपनियम (४) बमोजिम बालकल्याण अधिकारी तोकिने छ। यसरी नियुक्त गरिएको वा तोकियको बाल कल्याण अधिकारी गाउँ बाल अधिकार समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्नेछ।

३) उपदफा (१) बमोजिम नियुक्त गरिएको बालकल्याण अधिकारीको पारिश्रमिक लगायतको सेवा सुविधा गाउँपालिकाले व्यवस्थापन गर्नु पर्नेछ।

४) बाल कल्याण अधिकारीको नियुक्ति गाउँपालिकाको कर्मचारी नियुक्ति तथा व्यवस्थापन कार्यविधी बमोजिम हुनेछ।

**१७. बालकल्याण अधिकारीका लागि आवश्यक न्युनतम योग्यता**

क) नेपाली नागरिक,

ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून वा सामाजिक अध्ययन विषयमा स्नातक वा कुनै पनि विषयमा स्नातक उपाधि हासिक गरी बाल अधिकार, बालसंरक्षण, बालकल्याण तथा बालन्यायको क्षेत्रमा रही काम गरेको कार्यानुभव भएको,

ग) एक्काईस वर्ष उमेर पुरा भएको,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

ङ) बालअधिकार हनन तथा भ्रष्टाचारको कसुरको सजाय नपाएको,

**१८. बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार :**

क) गाउँ बालअधिकार समितिको निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने र गराउने।

ख) नेपाल सरकार, प्रदेश सरकार, र स्थानीय तहबाट स्वीकृत नीति र योजना अनुरूप समितिको बार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा सोको प्रगति प्रतिवेदन तयार गरी समितिको बैठकमा पेश गर्ने।

ग) स्वीकृत राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति र योजना अनुरूप बाल संरक्षण कार्यलाई प्राथमिकतामा राखी वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय तह र समितिलाई आवश्यक सहयोग गर्ने।

घ) बालबालिका सम्बन्धी समग्र स्थानीय तथ्यांक संकलन तथा प्रशोधन गरी गराई बार्षिक स्थिति प्रतिवेदन तयार गरी समितिको स्वीकृतिले प्रकाशन गर्ने र प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र यसको एक-एक प्रति प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषद समक्ष पेश गर्ने।

ङ) स्थानीय तहमा नियुक्त तथा तोकिएका समाजसेवी तथा बाल मनोविज्ञलाई परिचालन गर्ने।

च) आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यक्तिलाई स्थानीय बाल अधिकार समितिमा सुचीकृत गर्ने र लिखत तयार गर्न सहयोग गर्ने।

छ) आन्तरिक धर्मपुत्र धर्मपुत्री, संरक्षक र माथवर नियुक्त तथा तोक्ने कार्यमा सम्बन्धित व्यक्ति, परिवार र

संघसंस्थालाई सहयोग तथा सहजीकरण गर्ने ।

ज) स्थानीय तहभित्र सञ्चालनमा रहेका बालगृह, बाल सुधार गृह, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा प्रबन्ध, निगरानी कक्ष जस्ता आवासीय संरक्षण गृहको अनुगमन तथा निरीक्षण गर्ने, निर्देशन दिने तथा पृष्ठपोषण गर्ने र आवासीय बाल गृह तथा संरक्षण केन्द्र बन्द गर्न आवश्यक भएमा मन्त्रालयमा सिफारिस गर्ने ।

झ) बालबालिकाको हक हितको संरक्षण तथा शारीरिक र मानसिक विकास सम्बन्धी स्थानीय तहको दीर्घकालीन नीति र योजना तर्जुमा गरी समितिको बैठकमा पेश गर्ने ।

ञ) बालबालिकाको सर्वोत्तम हितका निम्ति नेपाल प्रचलित कानून, बालसंरक्षण नीति, मापदण्ड तथा बालमैत्री समाज स्थापनाका लागि सम्बन्धित संघसंस्थासँग समन्वय, सहयोग र सहजीकरण तथा सहकार्य गर्ने ।

ट) कार्य सम्पादन सम्झौता बमोजिमको कार्य प्रगति प्रत्येक ६-६ महिनाको अवधिमा गाउँ कार्यपालिका समक्ष पेश गर्ने ।

ठ) वैकल्पिक हेरचाहको व्यवस्था सम्बन्धी सम्बन्धित व्यक्ति, परिवार, बालबालिका लगायतको सूचना विवरण राख्ने तथा अद्यावधिक गर्ने ।

ड) गाउँपालिका स्तरमा घटेका बाल अधिकार हननका घटनाको अनगुमन, अभिलेख, उद्धार र घटना व्यवस्थापन प्रक्रियामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

ढ) संस्थागत स्याहारमा रहेका बालबालिकाको आवश्यकतानुसार जन्मदर्ता गर्न तथा नागरिकता बनाउन सम्बन्धित संघसंस्थामा सहजीकरण तथा सिफारिस गर्ने ।

ण) समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

**१९. समाजसेवी तथा बालमनोविज्ञको सूचीकरण तथा नियुक्ति :** समाजसेवी तथा बालमनोविज्ञको सूचीकरण र नियक्ति ऐनको दफा ६२ तथा नियमावलीको नियम ८३ बमोजिम गरिनेछ ।

## परिच्छेद – ७

## वैकल्पिक हेरचाहको व्यवस्था

**२०. वैकल्पिक हेरचाहको व्यवस्था :** (१) ऐनको दफा ४९ बमोजिम ऐनकै दफा ४८ को उपदफा (१) को खण्ड (क),(ख),(ग),(घ),(ङ),(च) र (छ) बमोजिम विशेष संरक्षणको आवश्यकता भएका तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएमा र ऐनको दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नुपर्ने भएमा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बालबालिकाको वैकल्पिक हेराहको व्यवस्था मिलाउँदा बाल कल्याण अधिकारीले नियमावलीको परिच्छेद –६ बमोजिम मिलाउनु पर्नेछ ।

## परिच्छेद – ८

## बालकोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन

**२१. स्थानीय बाल कोषको स्थापना** : (१) ऐनको दफा ६३ को उपदफा (१) र (४) बमोजिमको कार्य प्रयोजनको लागि एक बाल कोष रहनेछ ।

**(२) उपदफा (१) बमोजिमको बाल कोष स्थापनाको उद्देश्य देहाय बमोजिम रहेको छ :**

(क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने,

(ख) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत उपलब्ध गराउने,

(ग) जोखिम अवस्थामा रहेका बालबालिकालाई पारिवारिक पुनर्स्थापना गर्ने,

(घ) आवश्यक मनोसमाजिक परामर्श तथा स्वास्थउपचार उपलब्ध गराउने र

(ङ) जोखिम अवस्थामा रहेका बालबालिकाको बालअधिकार संरक्षण र सम्वर्द्धनको सुनिश्चितता गने ।

**(३) उपदफा (१) बमोजिमको बाल कोषमा देहाय बमोजिमको रकमहरु रहनेछन् :**

(क) बालअधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) गाउँपालिकाबाट बार्षिक रुपमा विनियोजित बजेट

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) गाउँपालिकाको न्यायिक समितिबाट बालबालिका विरुद्ध हिंसाका घट्नामा गरिएको जरिवानाबाट प्राप्त हुन सक्ने रकम,

(ङ) गाउँपालिकाले विनियोजन गर्ने बालबालिकाहरूको क्षेत्रमा विनियोजन गर्ने बजेट मध्येको केही प्रतिशत बजेट ।

(च) अन्य स्रोत

**२२. बालकोष सञ्चालक समिति :** (१) बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक बाल कोष सञ्चालक समिति रहनेछ :

| | |
|---|---|
| (क) उपाध्यक्ष | –संयोजक |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | – सदस्य |
| (ग) लेखा प्रमुख | – सदस्य |
| (घ) स्थानीय बाल अधिकार समितिका सदस्यमध्ये समितिले तोकेको १ जना | – सदस्य |
| (ङ) बालकल्याण अधिकारी | – सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकताअनुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

**२३. बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार** : बाल कोष सञ्चालक समितिको काम , कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

(क) तत्कालिन समयमा स्थानीय तहभित्र आपत्कालीन वस्थामा रहेका बालबालिकाको उद्धार,संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका गाउँ बालसंरक्षण समिति, वडा बाल संरक्षण समिति लगायतका नाममा रहेका बाल कोषहरुको रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने गराउने,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थयोपचार गर्ने,पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ग) सहयोगको आवश्यकता भएका बालबालिकालाई दफा २५ बमोजिम बाल कोष प्रयोग र दफा २६ बमोजिम खर्चको सिमाको आधारमा सहयोग गर्ने,

(घ) बाल कोष वृद्धिका लागि सहयोगको खोजी गर्ने,

(ङ) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(च) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(छ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ज) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

**२४. बाल कोष सञ्चालक समितिको बैठक :** बाल कोष सञ्चालक समितिको बैठक देहाय बमोजिम बस्नेछ :

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समितिको दुई तिहाइ सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनर्स्थापना गर्नुपर्ने अवस्था भएमा समितिको

संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्न सक्ने छन् । तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

**२५. बाल कोषको प्रयोग :** बाल कोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गरिनेछ :

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा रहेका बालबालिकाको उद्धार,राहत,अस्थायी संरक्षण सेवा, पारिवारीक पुनर्मिलन तथा पुन : स्थापना,मनोसामाजिक विमर्श,स्वास्थय उपचार,कानूनी उपचार र छात्रवृत्ति जस्ता सेबन प्रदान गर्ने,

(ख) अदालतको आदेशाअनुसार गाउँपालिका भित्रका बालबालिकालाई क्षतिपूर्ति दिन र बालबालिकाको हक हित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन ।

**२६. बाल कोष रकम खर्च सीमा :** (१) बाल कोषको रकम देहायको अवस्था र सिमाभित्र रही कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछ :

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई घर फिर्ता तथा स्वास्थ उपचार सेवाका लागि बार्षिक एक पटक अधिकतम रु १२ हजारसम्म,

(ख) विशेष संरषणको आवश्यकता भएका बालबालिकाको अस्थायी आवास,मनोबिमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च बार्षिक अधिकत्तम रु २४ हजारसम्म,

(ग) विशेष संरक्षणको आवश्यकता भएका र तत्काल सहयोगको आवश्यकता भएका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक सहयोग, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षण बापत बार्षिक एक पटक अधिकत्तम प्रति बालबालिका रु ९ हजारसम्म,

(घ) अदालतले तोकेको क्षतीपूर्ति पीडकबाट प्राप्त गर्न सक्ने अवस्था नभएको खण्डमा अदालतको आदेशाअनुसार तोकेको क्षतीपूर्ति रकम,

(ङ) माथि खण्ड (क) देखि खण्ड (घ) सम्म बाहेक विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा परेका बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सीमा कोष सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ.

(२) बाल कोषको रकम तालिम, गोष्ठि,भ्रमण, अनुगमन,प्रशासनिक कार्य , बैठक भत्ता र सचेतना मूलक जस्ता कार्यक्रममा खर्च गर्न पाइनेछैन् ।

**२७. बाल कोष खाता सञ्चालन :** (१) बाल कोषको खाता सञ्चालक समितिको निर्णयले कोष तथा लेखा नियन्त्रण कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त पायक पर्ने क वर्गको बैंकमा खाता खोली सञ्चालन गरिनेछ ।

(२) उपदफा १ बमोजिमको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको बालकल्याण अधिकारी वा अधिकृत र लेखा प्रमखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल कोषको खर्च नभइ आर्थिक बर्षको अन्त्यमा बाँकि रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन् ।

**२८. बाल कोषको लेखा र लेखापरीक्षण :** (१) बाल कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

## परिच्छेद – ८

## बाल क्लव, बाल संजाल गठन,सञ्चालन तथा व्यवस्थापन

**२९. बाल समूहको गठन प्रक्रिया :** ऐनको दफा ११ मा भएको व्यवस्था अनुसार बालअधिकार संरक्षण, सम्वर्द्धन तथा सहभागीताको अधिकार सुनिश्चित गर्न तपसिल बमोजिमका बालक्लव गठन तथा परिचालन गरिनेछन् :

१ समुदायमा आधारित बाल समूहहरू :

- कुनै निश्चित भूगोलभित्रका बालबालिकाहरूलाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बाल समूहलाई समुदायमा आधारित बाल समूह भनिनेछ ।
- नेपालको सन्दर्भमा कुनै टोल, बस्ती, वडा भित्र बाल समूह गठन गर्न सकिन्छ । यस्ता बाल समूहले सम्बन्धित भूगोल भित्रका सबै उमेर लिंग, जाती, आर्थिक हैसियत तथा शारीरिक अवस्थाका बालबालिकाहरूलाई समेट्ने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गरिनुपर्नेछ । यसरी बन्ने बाल समूहमा उक्त क्षेत्रभित्र बसोबास भएको बालबालिका मात्र सदस्य बन्न सक्नेछन् ।

२ विद्यालयमा आधारित बाल समूहहरू :

- कुनै विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई समेटेर उक्त विद्यालय भित्र बाल अधिकार अनुगमन तथा प्रवर्द्धन गर्न गठन भएका बाल समूहलाई विद्यालयमा आधारित बाल समूह भनिनेछ ।
- विद्यालयमा आधारित बाल समूहहरूले सबै जातजाती, कक्षा, लिंग र शारीरिक हैसियतका बालबालिकाहरूको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्नुपर्दछ । यसरी बन्ने बाल समूहमा सदस्य बन्नका लागि सम्वन्धित बालबालिका उक्त विद्यालयमा भर्ना भई अध्ययनरत हुनुपर्दछ ।

३ विषयगत बाल समूहहरू :

- विषयगत रूपमा निश्चित विषयहरू जस्तै बालिकाहरूको मात्र सवाल, जलवायु परिवर्तन, बाल श्रम, एच आइ भि एड्स जस्ता विषयहरूमा कार्य गर्न समुदायमा विशिष्ट ढंगले विषयगत बाल समूहहरू गठन गर्न सकिनेछ ।
- समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रूपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरूमा आधारित रहेर गठन भएका बाल समूहलाई विषयगत बाल समूह मानिनेछ । विद्यालयभित्र यस्ता बाल समूह गठन भएमा उक्त समूहलाई विद्यालय स्तरीय बाल समूहकै उपसमूह मानिनेछ ।

४ विशिष्टीकृत बाल समूह :

- अन्तर्राष्ट्रिय रूपमा नै स्थापित स्वयंसेवा अभियान तथा संगठनहरू, नेपाल सरकारका विशिष्टकृत निकायले विशेष प्रकृतिका आफ्नो संस्थागत बाल समूह गठन गर्न सक्नेछन् । जस्तै जुनियर रेडक्रस, स्काउट, लियो, रोट्रयाक्ट, आदि ।
- यिनीहरूको गठन र व्यवस्थापन विधि स्वयं यसका महासंघ, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरूबाट सञ्चालित हुनेछन् ।

**५ बाल समूह सञ्जाल :**

- स्थानीय तह वा नगर स्तरमा सूचीकृत भएका बाल समूहहरू एक आपसमा भेला भई एक आपसका काम र अभियानहरूलाई साथ सहयोग गर्ने तथा एक आपसका सरोकारहरूलाई सामुहिकीकरण गर्न बाल समूह सञ्जाल गठन गरिनेछ ।
- यसरी बाल समूह सञ्जाल गठन गर्दा समुदायमा आधारित, विद्यालयमा आधारित तथा विषयगत बाल समूहहरू सम्मिलित हुन सक्नेछन् ।

## ३०. नियमित बैठक तथा छलफलका विषयहरू

१. बाल समूहको बैठकको आयोजना विद्यालय बन्द भएको समयमा र दिनको समयमा सबै सहभागिहरूका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थानमा मात्र आयोजना गरिनुपर्नेछ ।

२. बाल समूहको बैठकमा बयस्क सहजकर्ताको उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

३. बैठक बालक्लवको अध्यक्षको अध्यक्षतामा बस्ने छ यदि अध्यक्षको उपस्थिती नभएमा उपाअध्यक्षको अध्यक्षतामा बस्नेछ ।

४. बैठकमा ५० प्रतिशत सदस्यहरु उपस्थितीमा भएमा बैठकको गठपुरक संख्या मानिनेछ ।

५. बाल समूहको बैठक अधिकतम ३ घण्टा सम्म बस्न सक्नेछ ।

६. बाल समूहको बैठकको बैठक पुस्तिका (माइन्युट) उतार गरी राख्नुपर्नेछ ।

७. बाल समूहको बैठकमा सामान्यतया निम्न प्रस्तावहरूमा छलफल हुन सक्नेछ :

- अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिहरूको समिक्षा,
- बाल समूहका बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरूको धारणा,
- स्थानीय बाल अधिकारको सबाल र गर्नुपर्ने गतिविधि,
- आगामी कार्यक्रमको तय, जिम्मेवारी विभाजन र श्रोत संकलन ।

## ३१. बालक्लवले सञ्चालन गर्ने क्रियाकलापहरु :

१. बाल समूहको बैठक तथा वार्षिक भेलाले कार्यक्रम योजना निर्माण गर्नुपर्दछ । यसरी योजना निर्माण गर्दा मासिक एउटा भन्दा धेरै गतिविधिहरू राख्नुहुँदैन ।

२. बाल समूहको कार्यक्रम योजना निर्माण गर्दा स्थानीय पर्व, मौसम, खेतीपातीको क्यालेन्डर, विद्यालयको शैक्षिक क्यालेन्डरसँग नजुध्ने गरी बनाइनुपर्नेछ ।

**३. बाल समूहको कार्यक्रम मुलत निम्न विषयमा केन्द्रित हुनपर्दछ :**

**३.१ बाल अधिकारको प्रचार प्रसार** : बालबालिकाले स्थानीय तहमा गीत, कविता, खेल, कथा, वक्तृत्वकला, चित्रकला, भित्ते पत्रिका, सडक नाटक, रेडियो कार्यक्रम, पत्रपत्रिकामा लेख लेखेर आदिको माध्यमबाट बाल अधिकारका बारेमा प्रचार प्रसार गर्न सक्दछन् ।

**३.२ बाल अधिकार अनुगमन** : बाल समूहहरूले आफ्नो क्षेत्रका विभिन्न स्थानीय तहमा गुनासो पेटिका राखेर, साथीहरूको समूह छलफल गरेर, आफ्नो विद्यालय तथा समुदायको अनुगमन भ्रमण गरेर बाल अधिकारको अवस्था के कस्तो छ भनी अनुगमन गर्न सक्छन् । यसरी बाल समूहले पत्ता लगाएका कुराहरू विद्यालय व्यवस्थापन समिति, वडा कार्यालय तथा नगरपालिकाको कार्यालय, नगर शिक्षा समिति, बाल संरक्षण समिति वा सहयोगी संस्था समक्ष आवश्यक कार्वाहीका लागि प्रस्तुत गर्न सक्छन् ।

**३.३ सेवाका लागि सम्प्रेषण र सुझाव** : बाल समूहहरूले आफ्नो समुदाय तथा विद्यालयमा हिंसा, शोषण, दुर्व्यवहार तथा शिक्षा स्वास्थ्यबाट बञ्चित भएका बालबालिका फेला परेमा वा त्यस्ता गुनासोहरू आएमा सेवा प्रदायक संस्थाहरूसँग सम्पर्क गरी सम्बन्धित बालबालिकालाई सेवाको लागि सिफारिस गर्न सक्दछन् । उनीहरूले ती साथीहरूलाई सेवा प्रदायकहरूको सम्पर्क ठेगाना दिएर पनि सघाउन सक्छन् ।

**३.४ शैक्षिक तथा व्यक्तित्व विकासका कार्यक्रमहरू** : बाल समूहहरूले सदस्यहरूका लागि व्यक्तित्व विकास तथा शैक्षिक विकासका विभिन्न रचनात्मक गतिविधिहरू, खेलकुदका गतिविधिहरू, छोटो समयका विभिन्न सीप कलाका प्रशिक्षणहरू पनि चलाउन सक्छन् ।

**३.५ सामुदायिक स्वयंसेवा** : बाल समूहका १४ वर्ष भन्दा माथी उमेरका बालबालिकाहरूले सुरक्षित ढंगले वयस्कहरूको साथमा सामुदायिक स्वयंसेवा पनि गर्न सक्छन् । यस्तो सामुदायिक स्वयंसेवा दैनिक ६ घण्टाभन्दा बढी हुनुहुँदैन र लगातार ३ घण्टाभन्दा बढी हुन हुँदैन । सामुदायिक स्वयंसेवाका कार्यहरूमा बालबालिकाको नैतिक र भौतिक सुरक्षाको सुनिश्चितता हुनुपर्दछ । प्रचलित कानून बमोजिम निकृष्ट वा जोखिमयुक्त बालश्रम तथा बालश्रम ठहरिने गतिविधिमा बालबालिकाले स्वयंसेवा गर्न सक्नेछैनन् ।

**३.६ निर्णय प्रक्रियालाई प्रभावित पार्ने** : बाल समूहहरूले सामुहिक रूपमा वा प्रतिनिधि मार्फत बाल अधिकारका सरोकारहरूलाई स्थानीय योजना तथा नीतिहरूले सम्बोधन गराउनका लागि बाल भेला, अन्तर्क्रिया, बाल सुनुवाइ, प्रतिनिधि मण्डल भेटघाट जस्ता कार्यक्रमहरू आयोजना गर्न सक्छन् ।

**३२. बाल समूहले सञ्चालन गर्ने कार्यक्रमहरूको सिमितता** : बालक्लबले निम्नअनुसारका कार्यक्रमहरू सञ्चालन गर्न हुँदैन :

१. कुनै राजनीतिक दल वा उसको भातृ संगठनको प्रत्यक्ष पक्षपोषण गर्ने ।

२. समुदायको सार्वजनिक वा निजी सम्पत्ति तथा कसैको जीउ ज्यानमाथी क्षति पुग्ने ।

३. समुदायका निश्चित समूह, जाती वा पेशाकर्मीप्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने ।

४. हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनियता भंग हुने र पहिचान खुल्ने गतिविधिहरू

५. सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरू । तर, प्रतिस्पर्धा वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिन्छ ।

६. उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर सहभागीहरू कसैको पनि जीउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेलाउन ।

७. बाल समूह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसायहरू ।

८. वयस्कहरूको संस्था वा समूहले जस्तो सिंगो परियोजना सञ्चालन गर्ने वा अन्य धेरै ठूला र लामो समयका गतिविधिहरू गर्न हुँदैन ।

९. सामाजिक शान्ति सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा बाल अधिकारकर्मी, स्थानीय बाल संरक्षण समिति तथा बालमैत्री सुशासन समन्वय समितिको परामर्शमा स्थानीय निकाय वा विद्यालयले निश्चित गतिविधिलाई रोक लगाउन सक्नेछ ।

## ३३. बालक्लबको आबद्धता तथा सूचीकरण

१. समुदायमा तथा विद्यालयमा गठन भएका बाल समूहहरू गठन भएको १ महिनाभित्र सम्बन्धीत वडामा सुचिकृत र गाउँपालिकामा दर्ता हुनुपर्दछ ।

२. विद्यालयमा गठन भएका बाल समूहको आबद्धता स्वयं विद्यालयसँग र समुदायमा गठन भएका बाल समूहको आबद्धता वडा कार्यालयसँग रहन्छ ।

३. बाल समूह सूचीकरण हुँदा नाम, उद्देश्य, कार्य समितिको नाम, सहजकर्ताको नाम र सम्पर्क, आबद्ध निकाय खुलाइएको हुनुपर्दछ ।

४. सूचीकृत बाल समूहहरू हरेक बर्ष अद्यावधिक हुनुपर्दछ । यसरी अद्यावधिक हुँदा अद्यावधिकको निवेदन, बाल समूहको वार्षिक भेलाको उपस्थिति र विद्यमान कार्यसमितिको नामावली, सहजकर्ताको नाम र सम्पर्क र बाल समूहले अघिल्लो वर्ष सम्पन्न गरेका कार्यक्रमहरूको सूची संलग्न गर्नुपर्दछ ।

५. विद्यालयमा आधारित बाल समूहले नविकरण गर्दा सम्बन्धित विद्यालयको सिफारिस पत्र पनि आवश्यक पर्दछ

६. बाल समूहको नाम भेलाका सहभागी बालबालिकाहरूले आपसी सहमतिमा जुराउनेछन् । बाल समूहको नाम त्यसै क्षेत्रको अर्को बाल समूहको नामसँग मिलेमा अर्को नाम राख्नुपर्नेछ ।

७. बाल समूहको नामसँग कुनै पनि निजी वा गैससहरूले आफ्नो नाम जोड्न हुँदैन ।

८. स्थानीय निकायमा बाल समूह सूचीकरण हुनुको अर्थ स्थानीय निकायबाट आर्थिक वा अन्य श्रोत उपलब्ध हुने सुनिश्चितता मानिने छैन ।

९. बाल समूहको सूचीकरण तथा नविकरणका लागि सहजकर्ता निकाय, व्यक्तिले अनिवार्य उपस्थित भई प्रमाणित र सहमति गर्नुपर्नेछ ।

१०. सूचीकृत तथा नविकरण भएका बालक्लबको विवरण सम्बन्धित स्थानीय तहले बालबालबालिकाको स्थिति प्रकाशनसँगै समावेश गरी प्रकाशन गर्नुपर्नेछ .

**३४. सदस्यता वितरण र व्यवस्थापन**

१. बाल समूहले स्वतन्त्र रूपमा आफ्नो सदस्यता वितरण गर्न सक्छ । बाल समूहको सदस्य हुन सोही विद्यालयको विद्यार्थी वा सोही समुदायमा बसोबास भएको बालबालिका नै हुनुपर्दछ ।

२. कुनै बालबालिकाले सदस्य बन्न चाहेकोमा सामान्यतया बाल समूहले सदस्य बनाउनुपर्दछ ।

३. कुनै पनि बालबालिकालाई सदस्य बन्नका लागि दबाव दिन पाइनेछैन ।

४. सदस्य नभएकै कारण बाल समूहले आयोजना गर्ने खुला र सार्वजनिक कार्यक्रममा कुनै बालबालिकालाई सहभागी नगराउन पाइनेछैन ।

५. सदस्यहरूको अभिलेख बाल समूहले आफ्नै रजिष्टरमा राख्न सक्नेछ । यसरी अभिलेख राख्दा निम्न कुराहरू उल्लेख हुनुपर्दछ : नाम थर, ठेगाना, उमेर, लिंग, (विद्यालयमा भए कक्षा), अभिभावकको नाम, सम्पर्क फोन नम्बर, फोटो (उपलब्ध भएसम्म) ।

६. श्रोत साधन भएको अवस्थामा बाल समूहले सदस्यता पत्र पनि वितरण गर्न सक्नेछ ।

## परिच्छेद – ९

## विविध

**३५. प्रोत्साहन पुरस्कारको व्यवस्था :** बाल अधिकारको संरक्षण तथा सम्वर्द्धन र प्रवर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बाल क्लव, बाल सञ्जाल, बाल संस्था तथा संघ संस्थालाई गाउँपालिकाले उचित पुरस्कार प्रदान गर्न सक्नेछ ।

**३६. व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार :** कार्य विधीको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार स्थानीय तहको कार्यपालिकालाई हुनेछ ।

**३७. संशोधन गर्न सक्ने :** यस कार्य विधीलाई गाउँ सभाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**३८. यसै कार्य विधी बमोजिम भए गरेको मानिने :** यस गाउँपालिकाले यो कार्यविधी लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरु यसै कार्यविधि कमोजिम भए गरेको मानिनेछ । यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्बन गर्दा बालबालिका सम्बन्धि प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका प्रक्रियाहरु अवलम्बन गर्न कुनै बाधा पर्ने छैन ।

**३९. खारेजी तथा बचाउ :** बालवालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनसँग यो कार्यविधि बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ । तर यो कार्यविधि लागू हुनुभन्दा अघि सम्पन्न भइसकेका काम कारबाहीहरु इसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसूची – १

### बालक्लव/ बाल सन्जाल/ बाल संस्था दर्ताको निवेदन ढाँचा

मिति :

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
..................पालिका
कार्यपालिकाको कार्यालय
..................................।

बिषय : बाल क्लव/ बाल सन्जाल/ बाल संस्था दर्ता गरी पाऊ ।

महोदय,

हामीले.......................... नामको बाल क्लव/ बाल सन्जाल/ बाल संस्था खोल्न चाहेकोले बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (५) बमोजिम बाल क्लव/ बाल सन्जाल/ बाल संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

संलग्न गरिएका कागजातहरु :

१. प्रस्तावित बाल क्लव, बाल सन्जाल वा बाल संस्थाको विधान,

२. प्रस्तावित बाल क्लव/ बाल सन्जाल/ बाल संस्था खोल्ने सम्वन्धमा भएको छलफल एवम् निर्णयको प्रतिलिपि,

३. बाल क्लबमा आबद्ध सदस्य तथा पद सम्बन्धी विवरण,

४. बाल क्लव वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर , उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारीस पत्र,

५. बाल क्लव वा संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेको मुख्य कामको विवरण ,

६. बाल क्लव वा संस्थाको सदस्यहरुको किसिसम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरुको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धी विवरण ।

निवेदक

अधयक्ष

अनुसूची – २

## बालक्लव/ बाल सञ्जाल/ बाल संस्था दर्ता प्रमाण पत्र

.................. गाउँ / नगरपालिका

.........................जिल्ला

....................प्रदेश

**दर्ता प्रमाण पत्र**

दर्ता नं :                                                                 मिति :

श्री ............................ बालक्लव/ बाल सञ्जाल/ बाल संस्था

............................।

..................जिल्ला..................................पालिका..........नं वडाको..................विद्यालय/ समुदायमा गठन गरिएको ..................... बालक्लव/ बाल सञ्जाल/ बाल संस्थालाई यस ..................पालिकामा दर्ता गरी बाल अधिकार संरक्षण,सम्वद्धन तथा प्रवर्द्धनका लागि बालबालिका सम्बन्धी नियमावली, २०७८ को उपनियम (६) अनुसार यो दर्ता प्रमाण – पत्र प्रदान गरिएको छ ।

बाल अधिकार संरक्षण, सम्वद्धन तथा प्रवर्द्धन कार्यमा नेपालको संविधान, बाल अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय महासन्धि १९८९, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा यसको नियमावली लगायत बालबालिका सम्बन्धी विद्यान कानूनहरुको अधीनमा रही बाल अधिकार संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने अभियानमा सक्रिय सहभागिताको अपेक्षा गरिएको छ ।

दस्तखत :
नाम :
पद :

## अनुसूची – ३

### बालक्लव/ बाल सञ्जाल/ बाल संस्था नविकरणको निवेदन ढाँचा

मिति :

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
......................पालिका
कार्यपालिकाको कार्यालय
................................।

विषय : बाल क्लव/ बाल सञ्जाल/ बाल संस्था नविकरण गरी पाऊ ।

महोदय,

......जिल्ला................. नगर/ गाउँपालिका .......न वडा...........स्थित...............................विदालय/समुदायमा आधारित हाम्रो ..........................नामको ..........................पालिकामा बालबालिका सम्वन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (६) बमोजिम मिति .........मा दर्ता भै क्रियासिल रहदै आएको छ । हाम्रो दर्ता नं .......रहेको छ र यस सिलसिलामा बालबालिका सम्वन्धी नियमावली, २०७८ को नियम ४ को उपनियम (१) बमोजिम बाल क्लव/ बाल सञ्जाल/ बाल संस्था नविकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

हाम्रो यो बाल क्लव/ बाल सञ्जाल/ बाल संस्थाले बर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरुको संक्षिप्त विवरण, यस बाल क्लव/ बाल सञ्जाल/ बाल संस्थामा हाल कार्यरत रहेका सदस्यहरु तथा कार्य समितिमा रहेका पदाधिकारीहरुको विवरण यसै साथ संलग्न गरिएको छ ।

संलग्न कागजजातहरु :

१) आर्थिक बर्षमा गरेका मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण,

२) कार्य समिति सदस्य हेरफेर भएको विवरण( यदि हेरफेर भएको छ भने मात्र)

निवेदक

अध्यक्ष

## अनुसूची – ४

## बालक्लव/ बाल सञ्जाल/ बाल संस्थाको दर्ता किताव

........गाउँपालिका

.................जिल्ला

.................प्रदेश

| क्र स | बालक्लव/ बाल सञ्जाल/ बाल संस्थाको नाम | ठेगाना | सदस्य संख्या | | संरक्षकको नाम | स्थापना मिति | दर्ता नं मिति | सम्पर्क नम्बर | प्रमाण पत्र बुझ्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालिका | बालक | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची – ५

**बालक्लव/ बाल सन्जाल/ बाल संस्था नविकरणको दर्ता किताब**

........गाउँपालिका

.................जिल्ला

.................प्रदेश

| क्र स | बालक्लव/ बाल सन्जाल/ बाल संस्थाको नाम | ठेगाना | सदस्य संख्या | | संरक्षकको नाम | स्थापना मिति | दर्ता नं मिति | सम्पर्क नम्बर | नविकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालिका | बालक | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची – ६

## गाउँ बालअधिकार समिति तथा न्यायिक समितिमा उजुरी दिने निवेदनको ढाँचा

मिति : ....................

श्री ......................... गाउँ बालअधिकार समिति तथा न्यायिक समितिमा

........................गाउँपालिका ।

विषय : उजुरी सम्वन्धमा ।

१) विद्यार्थीको नाम थर : ..............................(आफूलाई नाम थर लेख्न मन नलागेमा नलेख्दा पनि हुने )

२) कक्षा .........................(आफूलाई कक्षा लेख्न मन नलागेमा नलेख्दा पनि हुने )

३) विद्यालयको नाम:...............................................

४) उमेर :..................................................

५) लिङ्ग :..............................................

६) गुनासो तथा घट्नाको संक्षिप्त विवरण :......................................................

७) घटना घटाउने व्यक्ति :....................................

८) घटनाको प्रकृति :..............................................

९) घटना वा समस्या नयाँ हो वा दाहोरिएको हो ...............................................

१०) घटना वा समस्या समाधानका सम्भावित उपायहरु के हुन सक्छन् ?

..............................................................................................................................................

..............................................................................................................................................

निवेदक दस्तखत

(दस्तखत गर्न मन नलागेमा नगर्दा पनि हुने)

# अनुसूची – ७

## विशेष संरक्षणको आवश्यकता भएका बालबालिका

१. कुपोषित बालबालिका

२. चरम गरिबीको रेखामुनी रहेका परिवारका बालबालिका

३. आधारभूत सेवा र सुविधाबाट बञ्चित बालबालिका

४. अनाथ/ बेवास्ता गरिएका/ बेवारिसे छोडिएका बालबालिका

५. विद्यालय भन्दा बाहिर रहेका बालबालिका

६. सडक बालबालिका (सडकमा बस्ने वा काम गर्ने बालबालिका)

७. बाल स्याहारकर्ता

८. बाबु आमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएका कारण उचित हेरचाह पाएका तथा घरमुली बालबालिका

९. सार्वजनिक स्थल/ झुपडीपट्टीमा बस्ने बालबालिका

१०.सम्बन्ध विच्छेद भएका/ एकल बाबुआमासँग बस्ने बालबालिका

११. बालश्रममा परेका बालबालिका

१२. यौन दुर्व्यवहारमा परेका बालबालिका

१३. बाल बेचबिखनमा परेका बालबालिका

१४. बालविवाह गरेका बालबालिका

१५.सानै उमेरमा यौन सम्बर्क वा किशोर गर्भाधारण

१६. लागू औषध प्रयोग - बालबालिका वा अभिभावकद्वारा)

१७. शारिरीक दुर्व्यवहार

१८. अपाङ्गता भएका बालबालिका

१९. जन्म दर्ता नगरिएका बालबालिका

२०. सिमान्तकृत समुदायका बालबालिका

२१. बाबु आमाबाट अलग्गिएका एक्लै बस्ने बालबालिका

२२. बन्दिगृहमा रहेका बाबुआमाका बालबालिका

२३. गम्भिर विपदको जोखिमपूर्ण क्षेत्रमा बसोबास गर्ने बालबालिका

२४.महामारीबाट प्रभावित बालबालिका

२५. कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारीस भएका बालबालिका

अनुसूची – ८

## विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अभिलेख व्यवस्थापन रजिष्टरको ढाँचा

......नं वडा

........गाउँपालिका

.................जिल्ला

.................प्रदेश

| कोड नं | नामथर | ठेगाना | जन्ममिति | उमेर | लिङ्ग | जातजाती | विद्यालय जाने गरेको भए पढीरहेको कक्षा | अपाङ्गता हो/हैन | हो भने वर्ग उल्लेख गर्ने | अभिभावकको नामथर | अतिजोखिम | अतिजोखिमको सुचक | जोखिम | जोखिमको सुचक | हालसम्म कुनै सेवा प्राप्त गरेको वा नगरेको | हो भने सेवाको विवरण उल्लेख गर्ने | प्राप्त गरेको मिति | सेवा प्रदायक निकाय | दर्ता गर्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

अनुसूची – ९

## विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको घट्ना व्यवस्थापन अभिलेखिकरण रजिष्टरको ढाँचा

......नं वडा

........गाउँपालिका

.................जिल्ला

.................प्रदेश

| घट्ना दर्ता मिति | दर्ता नं | निवेदक को नाम | सेवा ग्राहीको नामथर | ठेगाना | उमेर | लिङ्ग | जात जाती | घट्नाको विवरण | घट्नाको समाधान भयो वा भएन | कसले समाधान गऱ्यो ? | कसरी समाधान गरियो ? | भएन भने घट्नालाई कहाँ सिफारिस गरियो ? | घट्ना समापन भयो वा निरन्तर छ | दर्ता गर्नेको नाम | हस्ताक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |